# कक्षा ६ को हाम्रो नेपाली किताको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरुको आवृत्ति अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

स्नातकोत्तर तह (एम्.एड्.) दोश्रो वर्षको

नेपा.शि. ५९८ पाठ्यांश पूरा गर्ने

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शोधार्थी

ललितबहादुर थापा

एम्.एड्. दोस्रो वर्ष

त्रि.वि.दर्ता नं. ९-२-२३३-३१-२००४

परीक्षा रोल नं. २३३०११९/०६६

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली


२०६८

## शोध निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नाकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा शिक्षा बिषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत "कक्षा ६ को हाम्रो नेपाली किताबको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरुको आवृत्ति अध्ययन" शीर्षकको शोधपत्र शोधार्थी ललितबहादुर थापाले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यसंग म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रलाई  आवश्यक मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः२०६८/०३/२....

शोधनिर्देशक

...........................

अर्जुनप्रसाद

पौडेल

उप.प्रा. नेपाली

भाषा

शिक्षाशास्त्र

संकाय

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली

# स्वीकृति -पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस अन्तर्गत नेपाली भाषा शिक्षा विभागको शाधार्थी ललित बहादुर थापाले स्नाकोत्तर तहमा नेपाली विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत “कक्षा ६ को हाम्रो नेपाली किताबको कथा र प्रबन्ध विधामा शब्दहरुको आवृत्ति अध्ययन” शीर्षकको शोधपत्र सोही प्रयोजनको लागि उपयुक्त ठहरिएकाले स्नाकोत्तर उपाधिका लागि स्वीकृत प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. नाम | दस्तखत |
|---|---|
| १.................................... | ...................... |
| २.................................... | ...................... |
| ३.................................... | ...................... |
| ४.................................... | ...................... |

मितिः-२०६८।०३।२

# कृतज्ञता ज्ञापन

प्रस्तुत 'कक्षा' ६ को हाम्रो नेपाली किताबको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरुको आवृत्ति अध्ययन, शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस अन्तर्गत नेपाली भाषा शिक्षा विभागको स्नाकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो । अध्ययनको रुपरेखा, सामग्री सङ्कलन र विश्लेषण समस्या  तथा समाधानमा उत्साहबर्धक सूझाव र अन्योलता हटाई उत्साहवर्द्धक सुझाव, प्रेरणा र हौसला प्रदान गर्नुहुने प्रा. डा.पारसमणि भण्डारीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी शोधकार्यका लागि विभागीय स्वीकृति प्रदान गरि अध्ययन मार्ग प्रशस्त गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु भानुभक्त गुरुङ्गप्रति हार्दिक आभार प्रकट गर्दछु ।

साथै अध्ययनको औचित्य र महत्वबारे स्पष्ट पार्दै प्रारम्भ देखिनै उत्साहपूर्वक सुझाव,  प्रेरणा र हौसला दिई अन्तिम समयसम्म पाइला पाइलामा निरन्तर निर्देशन दिनुहुने शोधनिर्देशक आदरणीय गुरु श्री अर्जुनप्रसाद पौडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै शोधका क्रममा व्यस्तताका बाबजुद पनि सर-सल्लाह र चासो देखाउनु हुने आदरणीय गुरु फाल्गुनी शर्मा तिमल्सिना, देवीप्रसाद सुवेदी, मिमप्रसाद घिमिरे र अन्य गुरुज्यूहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

त्यसैगरी प्रस्तुत अध्ययनका लागि शोधपत्रहरुका साथै सान्दर्भिक पुस्तकहरु उपललब्ध गराइदिने त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालयप्रति पनि त्यत्तिकै आभारी छु ।

यसरी नैं शोधपत्र तयार गर्न सहयोग गर्ने जीवनसंगिनी रन्जना पौडेल र बहिनी निर्मला थापाप्रति पनि हृदयदेखि नै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

त्यस्तै यसलाई यस रुपमा प्रस्तुत गर्न आफ्नो अमूल्य समय प्रदान गरी कम्प्युटरको काम गरिदिनु हुने क्वालिटी डिजिटल स्टुडियो कर्दिबासका श्री रिमनाथ अधिकारीज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग सिन्धुली बहुमुखि क्याम्पसमा पेश गर्दछु ।


**शोधार्थी**

ललितबहादुर थापा

स्नातकोत्तर तह दोस्रो वर्ष

सिन्धुली बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

# शोधसार

**शोधशीर्षक:** कक्षा ६ को "हाम्रो नेपाली किताब" को कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरुको आवृत्ति अध्ययन

**शोधार्थी :** ललितबहादुर थापा

**शोधनिर्देशक :** उप-प्रा. अर्जुनप्रसाद पौडेल

**विभाग/क्याम्पस :** नेपाली भाषा शिक्षा विभाग, सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली

**शैक्षिक वर्ष : २०६४/२०६७**

**पृष्ठसङ्ख्या :**

प्रस्तुत शोधकार्य नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम्.एड्. ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गरिएको हो यो शोधकार्य कक्षा ६ को हाम्रो नेपाली किताबको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरु के-कस्ता छन् ? पाठ्यपुस्तकको कथा र प्रबन्ध विधामा स्रोत र पदवर्ग के-कस्तो छ ? पाठ्यपुस्तकको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरु सरल र जटिल के-कस्ता छन् भन्ने समस्यामा केन्द्रित छ । उक्त समस्याको समाधानका लागि निम्नलिखित उद्देश्य निर्धारण गरिएका छन् ।

कक्षा ६ को हाम्रो नेपाली किताबको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरुको पदवर्ग र स्रोत पहिल्याउनु, प्रयुक्त शब्दहरुको पाठगत विवरणको स्थिति देखाउनु र उक्त विधाका पाठमा रहेका शब्दहरुको आवृत्ति गणना गर्नु ।

यो शोधकार्य शब्दभण्डारको आवृत्ति गणना विधिमा आधारित रहेको छ । उक्त पाठ्यपुस्तको कथा र प्रबन्ध विधामा प्रयुक्त शब्दहरुलाई विधागत रुपमा वर्गीकरण गरी तिनको आवृत्ति सङ्ख्या निकाल्ने काम गरिएको छ ।

उक्त कक्षा ६ को हाम्रो नेपाली किताबको कथा र प्रबन्ध विधामा जम्मा १९३० शब्दहरु रहेको पाइन्छ । आवृत्ति भएका शब्दहरु ७४१ र अनावृत्त शब्दहरु जम्मा ११८९ रहेका छन् । पदवर्गका दृष्टिले हेर्दा नामवर्गका शब्दहरु जम्मा ७७४

(जम्मा शब्द सङ्ख्याको ४५.२९%), त्यसैगरी सर्वनाम जम्मा ३९ (जम्मा शब्द सङ्ख्याको २.०२ %), विशेषण जम्मा ४४५ (जम्मा शब्द सङ्ख्याको २३.०६ %), क्रिया जम्मा १८३ (जम्मा शब्द सङ्ख्याको ९. ४८%), क्रियाविशेषण जम्मा ३२१ (जम्मा शब्द सङ्ख्याको १६.६३ %), नामयोगी जम्मा ३१ (जम्मा शब्द सङ्ख्याको १.६१ %), संयोजक १९ (जम्मा शब्द सङ्ख्याको ०.९८ %) र निपात जम्मा १८ (जम्मा शब्द सङ्ख्याको ०.९३ %) रहेका छन् ।

त्यसैगरी शोधका दृष्टिले सबभन्दा धेरै तद्भव शब्द जम्मा १२२० (जम्मा शब्द सङ्ख्याको ६३.२१ %), त्यसैगरी तत्सम जम्मा ५५२ (जम्मा शब्द सङ्ख्याको २८.६०%), यसैगरी आगन्तुक शब्द जम्मा ११५ (जम्मा शब्द सङ्ख्याको ५.९६ %) र अनुकरणमूल शब्द जम्मा ४३ (जम्मा शब्द सङ्ख्याको २.२३ %) रहेका छन् ।

यसरी शून्य आवृत्तिदेखि अधिकतम ३९९ (हुनु) पटकसम्म आवृत्ति भएका शब्दहरु उक्त पाठ्यपुस्तकको प्रयुक्त विधामा रहेको देखिन्छ ।

## सङ्केत सूची

| | |
|---|---|
| अमु. | अनुकरणमूल |
| आ. | आगन्तुक |
| तत्स. | तत्सम |
| तद्. | तद्भव |
| क्रि.वि. | क्रिया विशेषण |
| ना.यो. | नामयोगी |
| प्रा. | प्राध्यापक |
| रोल नं. | रोल नम्बर |
| त्रि.वि. वि. | त्रिभुवन विश्वविद्यालय |